# एम्बुलेन्स सेवा संचालन कार्यविधि-२०७७,

प्रमाणीकरण मिती
**२०७७।०८।०९**

## प्रस्तावना

चन्दननाथ नगरपालिका जुम्लाले गर्भवती तथा सुत्केरी महिलाहरुका लागि घरबाट स्वास्थ्य संस्थासम्म आकस्मिक उपचारका लागि पुग्नु पर्ने अवस्था आएमा एम्बुलेन्स सेवा प्रदान गर्न बान्छनिय भएकोले नेपालको संविधानको स्वास्थ्य सम्बन्धि हकलाई मध्यनजर गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ बमोजिम चन्दननाथ नगर कार्यपालिकाको मिति २०७७।०८।०९ गतेको बैठकको निर्णयबाट स्वीकृत भइ लागु गरिएको छ ।

# परिच्छेद १
# प्रारम्भिक

## १.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा संचालन कार्यविधि २०७७ रहेको छ ।

(२) यस कार्यविधि चन्दननाथ नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुने छ

## २.उद्येश्य

यस एम्बुलेन्स सेवा संचालन कार्यविधिका उद्येश्यहरु निम्नानुसार रहेका छन्

क.गर्भवती तथा सुत्केरी महिलाहरुका लागि आकस्मिक रुपमा निशुल्क एम्बुलेन्स सेवाको पहुँच बृद्धि गरी मातृशिशु मृत्युलाई न्यूनिकरण गर्नु ।

ख.चन्दननाथ नगरपालिकाको आफ्नो एम्बुलेन्सको संचालन व्यवस्थित तरिकाले गरी संघीय कानून बमोजिम संचालन गर्नु ।

# परिच्छेद २
# एम्बुलेन्स संचालन विधि

## ३. नगरपालिका आफैले संचालन गर्दा:

(१) नगरपालिकाले आफैले संचालन गर्दा देहायका विषय सुनिश्चित हुनुपर्नेछ,

क) चौबिसै घण्टा खटिन हलुका सवारी चालक २ जना,

ख) वार्षिक रुपमा मर्मत सम्भार तथा ईन्धनको ब्यवस्था भएको,

ग) टेलीफोन सहितको एम्बुलेन्स चालक कक्ष

घ) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भएका अन्य विषयहरु,

(२) एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका लागि एउटा छुट्टै कोष खडा गरिनेछ सो कोषमा प्रत्येक वर्ष चन्दननाथ नगरपालिकाले लिने वार्षिक बजेटमै जम्मा गरि कोषको वृद्धि गरिनेछ ।

(३) एम्वुलेन्स संचालन तथा ब्यवस्थापन कोषमा वार्षिक रुपमा नगरपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त एम्वुलेन्स सेवा शुल्क, एम्वुलेन्स संचालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग जस्ता रकम समेत जम्मा गरिनेछ । सोही कोषवाट एम्वुलेन्स संचालन तथा ब्यवस्थापनका सवै खर्चहरु गरिनेछ ।

**४. अन्य संघ संस्था तथा नीजि क्षेत्रद्धारा संचालनः** (१) नगरपालिकाले शर्त सहित सम्झौता गरी कुनै पनि गैरनाफामुलक, इच्छुक एम्वुलेन्स संचालन गर्न सक्ने संघ संस्था तथा नीजि क्षेत्रहरुवाट सेवा संचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था छनौट गर्न कम्तीमा ७ दिनको सार्वजनिक सूचना स्थानीय पत्रपत्रिका, नगरपालिकाको वेबसाईट, फेसबुक पेज लगायतमा सूचना प्रकाशन गरी प्राप्त प्रस्तावहरु मध्ये कुनै एकलाई छनौट गर्नुपर्नेछ ।

(३) छनौटका आधारहरुमा संस्थागत क्षमता, अनुभव, लागत साझेदारी प्रस्तावित रकम र मितब्ययीतालाई विशेष ध्यान दिइ प्रस्तावको मूल्याकन कार्यालयले गर्नेछ ।

(४) छनौट भएको संस्थालाई नगरकार्यपालिकाको निर्णयानुसार सम्झौता गरी एम्वुलेन्स संचालनका लागि हस्तान्तरण गरिनेछ ।

(५) संस्थामार्फत एम्बुलेन्स संचालन गर्दा यसरी छनौट भएको संस्था र चन्दननाथ नगरपालिकाद्वारा संचालित एम्बुलेन्स भनी एम्बुलेन्सको देखिने भागमा लेख्नुपर्नेछ ।

(६) यस दफामा लेखिएका बाहेक देहायका विषयहरु सम्झौतामा उल्लेख गर्नुपर्नेछः

क) **एम्बुलेन्स सेवा शुल्क :** नेपाल सरकारबाट गठित जिल्ला एम्बुलेन्स सेवा सन्चालन समिति जुम्लाले निर्धारण गरे बमोजिम हुनेछ ।

ख) चन्दननाथ नगरपालिका स्थायी ठेगाना भएका गर्भवती महिलाहरु मध्ये आकस्मिक रुपमा अस्पताल तथा स्वास्थ्य संस्थामा जानुपर्ने भएमा स्वास्थ्य संस्थाबाट प्रदान गरिएको गर्भवती जाँच कार्ड (ANC Checkup card) को आधारमा अस्पताल जाँदा शत प्रतिशत र अस्पतालबाट घर फर्कदा ५०

प्रतिशत छुट दिने (वडाको सिफारिस भएमा निःशुल्क) र सोको अभिलेख राखी मासिक नगरपालिकामा प्रतिवेदन गर्ने गरि एम्वुलेन्स सेवा संचालन गर्नु पर्नेछ ।

ग) आकस्मिक र गर्भवति महिलाहरुले प्रयोग नगरेको अवस्थामा अन्य विरामीको हकमा तोकिएको भाडा रकम लिन पाइनेछ । एकैसाथ एकभन्दा बढि स्थानबाट एम्बुलेन्सको माग भएमा सर्वप्रथम अन्य सवारी साधन सहजै उपलब्ध नहुने दुर्गम भेगमा पहिलो प्राथमिकता दिनु पर्नेछ ।

घ) सुत्केरी हुन जाने महिलालाई सेवा दिन कुनै कारणले वञ्चित गर्न पाइने छैन, चन्दननाथ नगरपालिकावाट प्रदान भएको एम्वुलेन्स अन्य ब्यक्तिलाई लिई एम्वुलेन्स बाहिर गएका वखत वैकल्पिक एम्वुलेन्सको ब्यवस्थापन गर्नु पर्नेछ ।

ङ) एम्वुलेन्स संचालन गर्ने संस्थाले एम्वुलेन्स संचालनका लागि संचालन खर्च प्रस्तावमा स्वीकृत भए बमोजिम चन्दननाथ नगरपालिकावाट वार्षिकरुपमा अधिकतम् रु ३०००००। (तीन लाख मात्र) सम्म माग गर्न सक्नेछ । सोही खर्चले एम्वुलेन्सको नियमित मर्मत, इन्धन तथा ड्राइभर खर्चको ब्यवस्थापन गर्नु पर्नेछ ।

च) एम्बुलेन्स सेवा २४ सै घण्टा संचालनको जिम्मेवारी प्रस्तावक संस्थाको हुनेछ ।

छ) एम्वुलेन्समा जुनसुकै कारणले क्षति हुन वा हानी नोक्सानी हुनगएमा यसको व्ययभार प्रस्तावक संस्थाले बहन गर्नेछ ।

**५. समिति सम्बन्धी व्यवस्थाः** (१) एम्वुलेन्सको संचालन, ब्यवस्थापन, अनुगमन, सुपरीवेक्षण तथा उद्देश्य अनुसारका काममा प्रयोग गर्न देहाय वमोजिमको एम्बुलेन्स संचालन तथा ब्यवस्थापन समिति रहनेछ ।

क) नगर उपप्रमुख -संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) कार्यपालिकाले तोकेका एकजना महिला सहित ३ जना -सदस्य

घ) जनस्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव समितिमा संयोजकले आवश्यकतानुसार विषयसँग सम्वन्धित पदाधिकारी, कर्मचारी, स्वयंसेवक तथा अन्य ब्यक्तिलाई आमन्त्रण गरी परामर्श लिन सक्नेछ ।

(२) एम्वुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) एम्बुलेन्स संचालन ब्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

ख) एम्बुलेन्सको सहि सदुपयोग गराउने तथा २४ सै घण्टा एम्बुलेन्स संचालनको सुनिश्चितता ल्याउने ।

ग) एम्बुलेन्स संचालन तथा ब्यवस्थापन कोषको परिचालन तथा सम्वन्धित क्षेत्रको प्रर्वद्धनमा खर्च गरि सो को विवरण कार्यपालिका समक्ष पेश गर्ने ।

घ) एम्बुलेन्स सेवा दिन नसकिने स्थानका गर्भवती तथा महिलाका लागि वैकल्पीक यातायात साधनको प्रवन्ध गर्ने ।

ङ) यस समितिवाट भए गरेको गतिविधि तथा एम्बुलेन्स सेवा संचालन सम्वन्धिको त्रैमासिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

च) कार्यपालिकाले जिम्मेवारी दिएका क्षेत्रगत अन्य कार्यमा सहयोग एवं सहजीकरण गर्ने ।

**६. संचालनको विधि :** एम्बुलेन्स संचालनको लागि नगरपालिका आफैले गर्ने वा संस्था मार्फत गर्ने भन्ने विधि दफा ५ बमोजिमको समितिको सिफारिसमा नगरकार्यपालिकाको निर्णयानुसार तय हुनेछ ।

आज्ञाले,<br>
खडानन्द चौलागाई<br>
नि.प्रमुख प्रशासकीय अधिकृत